बैठक सङ्ख्या : १९

स्थान : पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको कार्यालय, तकसेरा

आज मिति २०८० साल असोज महिनाको १२ र१३गतेदिनको १०:०० बजे यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्‌गा गाउँ कार्यपालिकाको १९ औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

| | |
|---|---|
| पुनीराज घर्ती | गा.पा. अध्यक्ष |
| भुपेन्द्रा बुढा | गा.पा. उपाध्यक्ष |
| विरमान कामी | १ नं. वडा अध्यक्ष |
| जस बहादुर श्रीपाली | २ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| सुर बहादुर वि क | ४ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| शंखे सेन | ६ नं. वडा अध्यक्ष |
| चित्र बहादुर बुढा | ७ नं. वडा अध्यक्ष |
| पूर्ण मल्ल शाही | ८ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| भरत बुढा | १० नं. वडा अध्यक्ष |
| लयन बुढा | ११ नं. का.वा. वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| शिविसन श्रीपाली | १३ नं. वडा अध्यक्ष |
| द्रवेश बुढा मगर | १४ नं. वडा अध्यक्ष |
| ग्वारी बुढा मगर | कार्यपालिका सदस्य |
| जोर कुमारी बुढा | कार्यपालिका सदस्य |
| भारसी बुढा | कार्यपालिका सदस्य |
| मल्ति पुन | कार्यपालिका सदस्य |
| राज कुमार सुनार | कार्यपालिका सदस्य |
| जानु छन्तेल | कार्यपालिका सदस्य |
| समिर गिरी | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| धन पुन | वडा सदस्य (१ नं वडा) |

| | |
|---|---|
| भदौरे कामी | वडा सदस्य (३ नं वडा) |
| इनम बिएम | वडा सदस्य (७ नं वडा) |
| भीम प्रकाश के सी | पशु सेवा शाखा प्रमुख |
| तुलसी चन्द | शिक्षा शाखा |
| हरि चन्द्र वि क | कम्प्युटर अपरेटर |

पुर्व उत्तरगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तकसेरा, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

**१९ औँ गाउँ कार्यपालिका बैठकका एजेण्डाहरु :**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।
२. करार कर्मचारीहरूको करार नवीकरण सम्बन्धमा।
३. विभिन्न कार्यविधि, निर्देशिका, मापदण्ड निर्माण संशोधन एवम् ऐन र नियमहरू आगामी गाउँसभामा अनुमोदनका लागि पेश गर्ने सम्बन्धमा।
४. सङ्घ, प्रदेश र गाउँपालिकाबाट विनियोजित रकम कार्यान्वयन गर्ने सम्बन्धमा।
५. रेडियो दर्ता सम्बन्धमा।
६. बालिका सभा सम्बन्धमा।
७. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई पत्राचार सम्बन्धमा।
८. विविध सम्बन्धमा।
    ८.१. अघिल्लो आ व को दायित्व रकम भुक्तानी सम्बन्धमा।
    ८.२ कृषि तथा पशु सेवा शाखाअन्तर्गतका कार्यालय एवम् कर्मचारी सम्बन्धमा।
    ८.३ गाउँपालिकाको कार्यालय र मातहतका अन्य सरकारी कार्यालयको इन्टरनेट महसुल सम्बन्धमा।
    ८.४ सम्पूर्ण करार कर्मचारीको तलब भत्ता सम्बन्धमा।
    ८.५ आ.व २०७९।०८० को पालिकास्तरीय सार्वजनिक सुनुवाई सम्बन्धमा।
    ८.६ सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धमा।
    ८.७ कामकाज सम्बन्धमा।
    ८.८ सवारी साधन प्रयोग सम्बन्धमा।
    ८.९ रुकुम पूर्वीको सदरमुकाम सम्बन्धमा।

**निर्णयहरु:-**

१. यस भन्दा अघि गाउँ कार्यपालिकाको मिति २०८०।०३।२८ गते १८ औं बैठकका निर्णयहरूको प्रगतिबारे समीक्षा गरियो।

२. यस गाउँपालिकाअन्तर्गतका विभिन्न शाखा/ शाखा मातहतका कार्यालयमा कार्यरत तपसिलका कर्मचारी बाहेक २०७९।०८० देखि कार्यरत रहँदै आएका सम्पूर्ण कर्मचारीहरुको मिति २०८० साउन १ गतेदेखि लागु हुनेगरी ६ महिनाका लागिकरार म्याद थप गर्ने।

**तपसिल :**

| | |
|---|---|
| नविन दहाल | सब इन्जिनियर |
| कमल प्रसाद के सी | सब इन्जिनियर |
| राज सेन | सब इन्जिनियर |

मुनिराज घर्ति
गाउँपालिका अध्य

| | |
|---|---|
| मन्देश मल्ल | इलेक्ट्रिसियन |
| चित्र बहादुर केसी | कम्प्युटर अपरेटर |
| पुकार श्रेष्ठ | कम्प्युटर अपरेटर |
| विवेक के सी | MIS Operator |
| दक्षिणा मल्ल | फिल्ड सहायक |
| सुविता घर्ती पुन | फिल्ड सहायक |
| दिपक बुढाथोकी | असई |
| चीजमाया पुन | उविस |
| दिल कुमार वि क | हलुका सवारी चालक |
| राष्ट्रि बुढा | कास |
| अरुण कुमार पुन | कास |
| अलिया बुढा मगर | कास |
| खोजी कामी | कास |
| मिनिता बुढा मगर | कास |
| गजेन्द्र पुन | हेभी सवारी हेल्पर |
| धर्मराज पुन | हेभी सवारी हेल्पर |

N/D : शिक्षक बाहेक

- साथै यस गाउँपालिकामा आ व २०७९।०८० मा हेभी सवारी चालकको रूपमा कामकाज गर्दै आइनुभएका रुजी घर्ती मगर र बालकृष्ण बुढा मगरलाई यस आ व देखि हेभी सवारी हेल्परको रुपमा कामकाज गर्ने गरी करार म्याद थप गर्ने।
- यस गाउँ कार्यपालिकाको १९ औँ बैठकको निर्णयानुसार करार भङ्ग भएका सम्पूर्ण कर्मचारीहरूको मिति २०८०।०४।०१ गतेदेखि २०८०।०६।१५ गतेसम्मको सेवा सुविधा उपलब्ध गराउने।
- यसैगरी हेभी सवारी हेल्परको रुपमा म्याद थप हुने बालकृष्ण बुढा मगर र रुजी घर्ती मगरलाई यसअघि हेभी सवारी चालकको रुपमा कामकाज गरिरहेको हुँदा मिति २०८०।०४।०१ गतेदेखि २०८०।०६।१५ गतेसम्मको सेवा सुविधा सो बमोजिम नै कार्यालयले उपलब्ध गराउने।
- यस गाउँपालिकाअन्तर्गतका विभिन्न विद्यालयहरूमा कार्यरत शिक्षकहरूको करार म्याद थप गर्ने विषयमा यस गाउँपालिकाअन्तर्गतको शिक्षा समितिको मिति २०८०।०६।११ र १२ गतेको बैठकले गरेको निर्णयानुसार गर्नेगरी अनुमोदन गर्ने। तर सो निर्णयको निर्णय नं १ को असोज २० गतेभित्र नवीकरण गरिसक्ने भन्ने बुँदाबारे थप छलफल गर्ने। साथै सो विषयको टुङ्गो लगाउनका लागि यस गाउँपालिकाको शिक्षा समितिसहित पुथा भेगका पदाधिकारीहरूलाई उत्तरगङ्गा भेगमा र उत्तरगङ्गा भेगका पदाधिकारीहरूलाई पुथा भेगमा अवस्थित विद्यालयहरूमा मिति २०८०।०६।२४गतेभित्र सम्ममाअनुगमन गरी २६ गते समीक्षा गर्नेगरी तपसिलको जिम्मेवारी बाँडफाँड गर्ने।

**तपसिल :**

वडा नं. १ : लयन बुढा, खिम बहादुर बुढा क्षेत्री
वडा नं. २ : पूर्ण मल्ल शाही, जीता दर्लामी, राम प्रसाद खड्का, जोर कुमारी बुढा
वडा नं. ३ : भरत बुढा, तुल्सी चन्द
वडा नं. ४ : द्रवेश बुढा
वडा नं. ५ : दिलमान पुन
वडा नं. ६ : शिविसन श्रीपाली, जानु छन्त्याल
वडा नं. ७ : जस बहादुर श्रीपाली
वडा नं. ८ : टिकासाई घर्ती मगर

प्रमुख प्रशासकीय अधिकृत

पुनिराज घर्ती
गाउँपालिका अध्यक्ष

CamScanner

वडा नं. ९ : इनम बिएम, भारसी बुढा
वडा नं. १० : सुर बहादुर वि क
वडा नं. ११ : बम बहादुर बुढा
वड्रा नं. १२ : शङ्खे सेन, राज कुमार सुनार
वडा नं. १३ : हर्क प्रसाद रोका, गन बहादुर घर्ती
वडा नं. १४ : विरमान कामी, मल्ति पुन

पुथा उत्तरगंगा गाउँ कार्यपालिकाको कार्यालय तकसेरा, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७४

३. यसअघिका गाउँसभा र गाउँ कार्यपालिकाबाट निर्माण भएका सम्पूर्ण कानुनहरूमा चुस्तता ल्याउनका लागि तपसिलका कार्यविधि, मापदण्ड र निर्देशिकालाई थप संशोधन गर्ने र देहायका ऐन र नियमहरू थप संशोधनका लागि आगामी गाउँसभामा संशोधन गरी अनुमोदनका लागि पेश गर्ने । यसैगरी यस गाउँ कार्यपालिकाबाट तपसिल बमोजिमका कार्यविधि र निर्देशिकाहरू अनुमोदन गर्ने ।

**तपसिल :**

**३.१ संशोधन भएका कार्यविधिहरू :**

१. अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यविधि, २०७८

२.अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७६

३.आर्थिक सहायता तथा सुविधा सम्बन्धी कार्यविधि, २०७६

४.कन्टेजेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धी कार्यविधी २०७५

५.करारमा जनशक्ति व्यवस्थापन कार्यविधि, २०७५

६. कार्यपालिकाका विषयगत समिति सञ्चालन कार्यविधि २०७५

७. गाउँ कार्यपालिका बैठक सञ्चालन कार्यविधि २०७८

८. गाउँ सभा सञ्चालन कार्यविधि, २०७५

९. गाउँपालिका विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७६

१०. गाउँपालिकाका निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण कार्यविधि, २०७५

११. गाउँविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि, २०७८

१२. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

१३. पदाधिकारी र कर्मचारीहरूको आचारसंहिता, २०७५

१४. पुथा उत्तरगङगा गाउपालिका छात्रवृती वितरण सम्वन्धी कार्यविधी २०८०

१५. बाल कल्याण गृह कार्यविधि २०७६

१६. युवा विकास केन्द्र सञ्चालन कार्यविधि २०७८

१७. लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८

१८. वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

समिर गिरी
प्रमुख प्रशासकीय अधिकृत

पुनिराज घर्ति
गाउँपालिका अध्यक्ष

१९. सार्वजनिक सुनुवाई कार्यविधि, २०७८

## ३.२ यस कार्यपालिकाबाट अनुमोदन भएका नयाँ कार्यविधि/निर्देशिकाहरू :

१. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०८०

२. उपभोक्ता समिति वा लाभग्राही समुदायमार्फत सार्वजनिक निर्माण गराउने सम्बन्धी कार्यविधि, २०८०

३. बजार अनुगमन समिति निर्देशिका, २०८०

## ३.३ गाउँसभामा संशोधनका लागि पेश गर्नुपर्ने कार्यविधिहरू :

१. कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५

२.खानेपानी तथा सरसफाइ र स्वच्छता ऐन, २०७८

३.गाउँपालिका कार्य विभाजन नियमावली, २०७८

४.गाउँपालिकाको कार्य सम्पादन नियमावली २०७८

५.गाउँपालिकाको भूमि ऐन २०७८

६. न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धी ऐन (न्यायिक समिति ऐन, २०७५

७. लै स सा स रणनीति, २०७८

८. वन ऐन २०७८

९. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी विधेयक २०७६

१०. शिक्षा नियमावली, २०७४

११. सहकारी ऐन, २०७५

- यसैगरी यसअघि गाउँसभाबाट पारित भई जारी भएको यस गाउँपालिकाको आर्थिक ऐन, २०८० मा तपसिलका बुँदाहरूमा संशोधन हुनेगरी अनुमोदनका लागि आगामी गाउँसभामा पेश गर्ने।

**तपसिल :**

सर्जमिन मुचुल्का - रु ५००

व्यक्तिगत घटना दर्ता प्रमाण प्रतिलिपि - रु ५००

फर्म/कम्पनी सूची दर्ता - रु १०००

- यसैगरी यस कार्यपालिकाबाट थप संशोधन र निर्माण भएका कार्यविधि, निर्देशिका एवम् मापदण्डहरूलाई आवश्यक ढाँचामा उपयुक्त हुनेगरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने।

४. यस चालु आ व मा सङ्घ, प्रदेश र गाउँपालिकाबाट विनियोजित विभिन्न योजना तथा कार्यक्रमहरूमा चुस्तता, दुरुस्तता र पारदर्शिता ल्याई कार्य छिटो, छरितो माध्यमबाट सम्पन्न गर्नका लागि विनियोजित योजना तथा कार्यक्रमहरूको तपसिल बमोजिमले कार्यान्वयन गर्ने/गराउने।

**तपसिल :**

पुनराज घर्ति
गाउँपालिका अध्यक्ष

४.१. यस गाउँपालिकाअन्तर्गत विभिन्न स्थानहरूमा विनियोजित योजना तथा कार्यक्रमहरूको सम्झौता प्रक्रिया पुस पहिलो हप्तासम्ममा पूरा गरिसक्ने गरी प्राविधिक शाखाअन्तर्गतका कर्मचारीहरूलाई सक्रियबनाई कार्यान्वयन गर्ने/गराउने।
४.२.योजना तथा कार्यक्रमहरूको लागत अनुमान (Cost Estimate) र मूल्याङ्कन (Evaluation) सम्भव भएसम्म नेपाली माध्यमबाट गर्ने।

५. रेडियो पूर्वी रुकुमले रेडियो दर्ताका लागि यस कार्यालयमा पेश गरेको फाइलको बारेमा आगामी कार्यपालिकामा छलफल गर्ने।

६. हरेक वर्षको October 9 मा पर्ने अन्तर्राष्ट्रिय बालिका दिवसको अवसर पारेर पालिकास्तरीय किशोरी अधिकार मञ्चले सञ्चालन गर्ने बालिका सभा UMN रुकुम पूर्व क्लष्टर, मिक नेपाल, नेपाल जनजागरण मञ्च र यस गाउँपालिकाको आर्थिक सहयोग र समन्वयमा मिति २०८०।०६।२४ र २५ गते भव्य रुपले सफल पार्ने।

७. नेपालकै एकमात्र शिकार आरक्ष ढोरपाटन सिकार आरक्षको ६३ प्रतिशत भू-भाग यस गाउँपालिकामा पर्दछ। यद्यपि ढोरपाटन सिकार आरक्षको संरक्षण एवम् व्यवस्थापनमा यस गाउँपालिकाले पनि विगतका दिनदेखि अहम भूमिका खेल्दै आएतापनि यस आरक्षबाट गाउँपालिकाले रोयल्टी वापत पाउनुपर्ने रकम नपाएको हुँदा सो बारे आवश्यक छलफल गरी विषयवस्तु टुङ्गो लगाउनका लागि र नेपाल टेलिकमको टावरको रोयल्टी मार्फत उपलब्ध गराउनुपर्ने रकम लगायतका विषयवस्तुबारे राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई पत्राचार गर्ने।

**८. विविध तर्फ :**
८.१ आ.व. २०७९।०८० मा दायित्त्व सिर्जना भई भुक्तानी हुन बाँकी तपसिलका शीर्षकको रकम भुक्तानी दिने।

**तपसिल :**

| भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी | | | | | | |
|---|---|---|---|---|---|---|
| बजेट उपशीर्षक नं | पुथाउत्तरगङ्गा गाउँकार्यपालिकाआर्थिक वर्ष : २०७९।०८० | | | | | |
| दायित्व सृजना भएको मिति | कारोबारसंकेत नं | खर्चउपशीर्षक | कार्यक्रमकोनाम | कारोबारकोसंक्षिप्त व्यहोरा | भुक्तानीपाउनेको नाम | भुक्तानीदिन बांकी रकम |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २०८०.०३.३० | | ३११५९ | सानीभेरीआ.वि. फिल्ड निर्माण | सानीभेरीआ.वि. को फिल्ड निर्माण गर्ने | श्रीसानीभेरी आ.वि. खारखोला | १००००००.० |
| २०८०.०३.३० | | ३११२३ | न्यायिकसमितिको कार्यालय व्यवस्थापन | न्यायिकसमितिको कार्यालय व्यवस्थापनको लागि फर्निचर फिक्चर्स | सहजहोम डेकोर एण्ड अर्डर सप्लायर्स | २३५७७४.५० |
| २०८०.०३.३० | | २२४११ | शिक्षाक्षेत्रको योजना निर्माणको लागि परामर्श सेवा | शिक्षाक्षेत्रको योजना निर्माणको लागि परामर्श सेवा खर्च | ग्रामीणयूवा सरोकार केन्द्र | ४८८४९९.० |
| २०८०.०३.३० | | २२४११ | गाउँपालिकाकोसंगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि परामर्श सेवा | गाउँपालिकाकोसंगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि परामर्श सेवा खर्च | ग्रामीणयूवा सरोकार केन्द्र | ४९४९४०.० |
| २०८०.०३.३० | | २२२१३ | सवारीसाधन मर्मत | सवारीसाधन मर्मत खर्च | मध्यपहाडी किसान अटो पार्टस् | ६२७६४.० |
| २०८०.०३.३० | | २२२१३ | सवारीसाधन मर्मत | सवारीसाधन मर्मत खर्च | न्यूरुकुमेली मोटर पार्टस/ न्यू शहिद टर्वो रिपेर सेन्टर | ८५७६०.० |

पुनिराज घर्ति
गाउँपालिका अध्यक्ष

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०८०.०३.३० | | २२२१३ | सवारीसाधन मर्मत | स्काभेटरमर्मत खर्च | श्रीजगदम्बा कन्सट्रक्सन सोलुसन प्रा.लि. | १९५७८८.३ |
| २०८०.०३.३० | | २२२१२ | इन्धनखर्च | सवारीसाधनको लागि इन्धन खर्च | जक्सननिर्माण सेवा एण्ड सप्लायर्स | ३६३४५३.२ |
| २०८०.०३.३० | | २७२१३ | औषधीखरिद | लम्पस्किन रोगको लागि औषधी खरिद | जनताएग्रोभेट | ९९५५०.० |
| २०८०.०३.३० | | २२३११ | मसलन्दतथा कार्यालय सामाग्री | मसलन्दतथा कार्यालय सामाग्री खरिद | आतिथ्यइलेक्ट्रो हब | २८०००.० |
| २०८०.०३.३० | | २२७११ | विविधखर्च | कार्यालयकोलागि विविध खर्च | कृष्णकिराना तथा फेन्सी स्टोर | १०४५५.० |
| २०८०.०३.३० | | २२७११ | विविधखर्च | कार्यालयकोलागि विविध खर्च | आपसएण्ड नितु होटेल | ५१५००.० |
| २०८०.०३.३० | | २२७११ | विविधखर्च | कार्यालयकोलागि विविध खर्च | दाजुभाईमासु पसल एण्ड कुखुरा फर्म | २५९००.० |
| २०८०.०३.३० | | २२७११ | विविधखर्च | कार्यालयकोलागि विविध खर्च | होटेलगाँउले | ७१४५०.० |
| २०८०.०३.३० | | २२७११ | विविधखर्च | कार्यालयकोलागि विविध खर्च | कृष्णकिराना तथा फेन्सी स्टोर | ४३७८५.० |
| २०८०.०३.३० | | २२७११ | विविधखर्च | कार्यालयकोलागि विविध खर्च | फेमलीहोटेल तथा रेष्टुरेन्ट | ५७७२०.० |
| २०८०.०३.३० | | २२७११ | विविधखर्च | कार्यालयकोलागि विविध खर्च | प्रतिमाफेन्सी तथा किराना पसल | १९१९००.० |
| २०८०.०३.३० | | २२७११ | विविधखर्च | कार्यालयकोलागि विविध खर्च | होटेलगाँउले | ७२६००.० |
| २०८०.०३.३० | | २२७११ | विविधखर्च | कार्यालयकोलागिविविध खर्च | संगिताफेन्सी एण्ड किराना पसल | ४१८५०.० |
| २०८०.०३.३० | | २२३११ | मसलन्दतथा कार्यालय सामाग्री | मसलन्दतथा कार्यालय सामाग्री खरिद | तिलकविष्ट | ५८९००.० |
| २०८०.०३.३० | | २२४१३ | करारसेवा शुल्क | करारमाकार्यरत शिक्षकहरुको तलव भत्ता | सम्बन्धितव्यक्तिहरु | १६०५७१५४.५ |
| २०८०.०३.३० | | | गाडीभाडा | सरकारीकामकाजको लागि गाडी भाडा | समीरके.सी. | ११००००.० |
| २०८०.०३.३० | | | गाडीभाडा | सरकारीकामकाजको लागि गाडी भाडा | निशानखड्का | ९०००.० |
| २०८०.०३.३० | | | विविधखेर्च | विविधखर्च | सूर्यबहादुर वुढा | ३०००.० |
| २०८०.०३.३० | | | गाडीभाडा | सरकारीकामकाजको लागि गाडी भाडा | मानवहादुर कामी | १०७००.० |
| २०८०.०३.३० | | | इन्टरनेटमहशुल | इन्टरनेटमहशुल खर्च | वल्डलिङ्ककम्युनिकेशन लिमिटेड | १३५५९४.० |
| २०८०.०३.३० | | | पुस्तकप्रकाशन | पुस्तकप्रकाशन खर्च | कामाख्याप्रतिष्ठान नेपाल | ९३२२५.० |
| २०८०.०३.३० | | | विविधखर्च | विविधखर्च | सुनबहादुर कामी | १११८८००.० |
| २०८०.०३.३० | | | विविधखर्च | विविधखर्च | राष्टिवुढा | १३५००.० |
| २०८०.०३.३० | | | विधुतमहशुल | विधुतमहशुल खर्च | नरसिङखोलालघुजलविद्युत आयोजना | ५००००.० |
| २०८०.०३.३० | | | विद्युतसामाग्री खरिद | विद्युतसामाग्री खरिद | ट्रान्सफर्मरर मेशिनरी सामाग्री मर्मत | ८०००००.० |
| २०८०.०३.३० | | | घरभाडा | घरभाडाखर्च | सिट्टीवुढा | ४००००.० |

पुनिराज घर्ति
गाउँपालिका अध्य

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०८०.०३.३० | | | अन्यभत्ता | अन्यभत्ता खर्च (स्वास्थ्यकर्मीहरुलाई पञ्जिकरण वापतको भत्ता) | सम्बन्धितव्यक्तिहरु | ४९२०००.० |
| २०८०.०३.३० | | | गाडीभाडा | गाडीभाडा खर्च | मनकुमार सुनार | ३८०००.० |
| २०८०.०३.३० | | | गाडीभाडा | गाडीभाडा खर्च | शिसिरगौतम | ३३५००.० |
| २०८०.०३.३० | | | घरभाडा | स्वास्थ्यस्टोर घरभाडा | मनकोबुढा | ७२०००.० |
| २०८०.०३.३० | | | घरभाडा | ११नं. वडाको घरभाडा | तुलमायाबुढा | ३६०००.० |
| २०८०.०३.३० | | | घरभाडा | १३नं. वडा घरभाडा | होमगुरुङ | २४०००.० |
| २०८०.०३.३० | | | अन्यभाडा | स्काभेटरभाडा खर्च | प्रमेश्वरकुँवर | ३१५००.० |
| २०८०.०३.३० | | | कार्यक्रमखर्च | किशोरकिशोरीको पालिका स्तरी सञ्जाल गठन | तिलकखड्का | ५५०००.० |
| २०८०.०३.३० | | | अन्यभत्ता | अतिरिक्तभत्ता खर्च | सम्बन्धितकर्मचारीहरु | २५५५००.० |
| २०८०.०३.३० | | | विविधखर्च | विविधखर्च | पाहुनाघर | ६७५०.० |
| २०८०.०३.३० | | | | मैकोट | मैकोट | ३७६०००.० |
| | | | अन्यभाडा | होमपाइप ढुवानी | खिमबहादुरगुरुङ | ३६०००.० |
| २०८०.०३.३० | | | करारसेवा शुल्क | स्वास्थ्यकर्मीहरुकोछुट करार सेवा शुल्क | डाक्टरलगायत अन्य स्वास्थ्यकर्मीहरु | ८४१२३०.० |
| | | | करारसेवा शुल्क | पशुसेवा प्राविधिकको छुट करार सेवा शुल्क | मिमेशमल्ल | ३५०००.० |
| | | | करारसेवा शुल्क | डोजरअपरेटर तथा हेल्परको छुट करार सेवा शुल्क | डोजरतथा ब्याक्होलोडर चालक र हेल्पर | ५५६०००.० |
| | | | करारसेवा शुल्क | ५नं. वडामा कार्यरत कार्यालय सहयोगी छुट करार सेवा शुल्क | हम्सबुढा | ४५०००.० |
| २०८०.०३.३० | | | घरभाडा | १३नं. वडा वडाको स्वास्थ्य चौकी भाडा | सेतवहाजुर कुँवर | २४०००.० |

८.२.यस गाउँपालिकाअन्तर्गत कृषि तथा पशु सेवा शाखा मातहतका वडामा रहेका सम्पूर्ण सेवा इकाईहरूलाई खारेज गरी प्रत्येक वडाहरूमा कर्मचारीहरू खटाउने र कृषि र पशु सेवा शाखा वा मातहतका कार्यालयका लागि तपसिलका कर्मचारीहरूको विज्ञापन गरी सेवा करार मार्फत पदपूर्ति गर्ने।

**तपसिल :**

कृषि प्राविधिक : १ (OVOT)

पशु सेवा प्राविधिक : १(OVOT)

८.३. यस गाउँपालिका र मातहतका कार्यालयमा नयाँ जडान भएका र यस आव भन्दा पहिले नै जडान भएका तपसिलका कार्यालयहरूको इन्टरनेट महशुल गाउँपालिका कार्यालयबाट नै भुक्तानी गर्ने।

**तपसिल :**

१. गाउँ कार्यपालिकाको कार्यालय

२. पालिकाअन्तर्गतका १४ वटै वडा कार्यालय

३. गाउँपालिकाअन्तर्गतको पञ्जीकरण, स्वास्थ्य, पशु सेवा, कृषि विकास, शिक्षा शाखा, गाउँपालिकाको सभाहल, प्रधानमन्त्री रोजगार कार्यक्रम, कार्यालय प्रमुख क्वाटर

४. गाउँपालिका अध्यक्ष र उपाध्यक्ष क्वाटर
५. प्रहरी चौकी मैकोट, हुकाम, तकसेरा, कोल र चारगाउँ
६. स्वास्थ्य : मैकोट, हुकाम, तकसेरा, कोल, राङ्सी, रिवाङचौर

८.४.यस गाउँपालिकाअन्तर्गत कृषि, पशु, प्रशासन, शिक्षा र स्वास्थ्य, पूर्वाधार लगायत मातहतका कर्मचारीहरूको मासिक तथा वार्षिक तलब भत्ता र अन्य सेवा सुविधा मिति २०८०।०४।०१ गतेदेखि तपसिल बमोजिम लागु हुने । साथै तपसिल मातहतका कुनैपनि कर्मचारीहरूको चाडपर्व, महंगी, स्थानीय, पोशाक लगायत अन्य कुनैपनि भत्ता नदिने ।

**तपसिल :**

कृषि प्राविधिक :२३५००
पशु प्राविधिक :२३५००
इन्जिनियर : ४४,६८९
कार्यालय सहायक :२३५००
कार्यालय सहयोगी : १५०००
स्वास्थ्यकर्मी :२३५००
मा वि शिक्षक :२८०००
निमावि शिक्षक : २३०००
प्रावि शिक्षक :२००००
विद्यालय सहयोगी : १५०००
हलुका सवारी चालक :२३०००
हेभी सवारी चालक :२३०००
हेभी सवारी हेल्पर : ११०००

८.५. यस गाउँपालिकाको आ.व. २०७९।०८० को सार्वजनिक सुनुवाईका लागि आगामी कार्यपालिकामा छलफल गर्ने ।

८.६. यस गाउँपालिकाको प्रशासनिक कामकाजमा सहजता ल्याउनका लागि तपसिल बमोजिमका कर्मचारीहरू सेवा करार मार्फत पदपूर्ति गर्नेगरी विज्ञापन आह्वान गर्ने ।

**तपसिल :**

रोजगार संयोजक- १
सूचना प्रविधि अधिकृत - १
एम आई एस अपरेटर - १
कानुन सहायक (पाँचौ) - १
कृषि अधिकृत - १
कृषि प्राविधिक : १ (OVOT)
पशु सेवा प्राविधिक : १ (OVOT)
अनमी - ५
अहेब - १
हेभी सवारी चालक : २

८.७ यस गाउँपालिकाअन्तर्गतको आधारभूत अस्पताल तकसेरामा कार्यरत जनस्वास्थ्य अधिकृत छैठौं बशिष्ट नारायण यादवलाई प्राथमिक स्वास्थ्य केन्द्र कोल र प्राथमिक स्वास्थ्य केन्द्र कोलमा कार्यरत जनस्वास्थ्य अधिकृत छैठौं बिरभान

बोहरालाई आधारभूत अस्पताल तकसेरामा अर्को व्यवस्था नभए सम्मका लागि कामकाजमा खटाउने साथै वडा नं १३ मा कार्यालय सहायक पदमा कार्यरत तेजेन्द्र वि क लाई यस गाउँपालिका कार्यालयमा र गाउँपालिकामा कार्यरत कार्यालय सहायक सुनिता सुनामलाई वडा नं १३ को कार्यालय सहायक पदमा खटाउने निर्णय गरियो ।

८.८ यस गाउँपालिकाअन्तर्गत रहेका मोटरसाइकल लगायतका सवारी साधनहरू प्रयोग गर्नका लागि सवारी चालक अनुमति पत्र सम्बन्धित वडा/व्यक्तिले गाउँपालिकामा पेश गर्ने । यदि सवारी चालक अनुमति पत्र बिना प्रयोग गरेमा सम्बन्धित पदाधिकारी/कर्मचारी स्वयम् जिम्मेवारी रहनुपर्ने । यसैगरी यस गाउँपालिकामा रहेको एम्बुलेन्स स्वास्थ्य शाखाको मातहतमा र हेभी सवारी साधन (एक्साभेटर, ब्याक हो लोडर) प्राविधिक शाखाको मातहतमा रहने गरी सञ्चालन एवम् व्यवस्थापन गरी सुरक्षित अभिलेख राख्ने ।

८.९ रुकुम पूर्व जिल्लाको सदरमुकाम सम्बन्धमा मिति २०७४।१०।११ गते नेपाल सरकारले गरेको निर्णय अनुसार रुकुम पूर्व जिल्लाको सदरमुकाम पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं १२ गोलखाडामा तोकेको र मिति २०८०।०५।२७ गतेको सर्वोच्च अदालतको आदेशानुसार खारेज गरी प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयलाई पुन सदरमुकाम तोक्नका लागि जिम्मेवारी दिइएकोमा यस रुकुम पूर्व जिल्लाको सदरमुकाम पुथा उत्तरगङ्गा गाउँपालिकामा कायम गर्नको लागि सर्वदलिय, सर्वपक्षिय समन्वय गरी जनदबाव र जनसंघर्षसहित आवश्यक राजनितिक पहल गर्ने निर्णय गरियो ।

एवम् प्रकारले आगामी कार्यपालिका बस्ने गरी १९ औं कार्यपालिका बैठक समापन गरियो ।

पुनिराज घर्ति
गाउँपालिका अध्यक्ष

नि.प्रमुख प्रशासकीय अधिकृत

पुथा उत्तरगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल